धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्र मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरण-पत्र मार्फत निष्काशन गर्न लागिएको "एन आई सी एसिया डिबेन्चर् २०८१/८२" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

अ) *ऋणपत्रको अवधि (Maturity Period) :* यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट ७ (सात) वर्षको हुनेछ । सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

(आ) *निष्काशन गरिने ऋणपत्रको रकम :* सात वर्ष अवधि तथा वार्षिक ९ प्रतिशत व्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका ६ लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु. ६० करोड ऋणपूँजी रकम (५% अर्थात ३०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशन बाट बिक्री गरिने ।

(इ) *ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :* यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(ई) *ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र व्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :* यस ऋणपत्रको वार्षिक व्याजदर ९% हुनेछ । यस ऋणपत्रमा आर्जित व्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ । यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ । व्याज रकम भुक्तानी दिँदा प्रथम अर्धवार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक वर्षको माघ १ गते देखि र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ ।

(उ) *ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :* यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्रलाई निर्धारित ७ वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ । ऋणपत्रको अवधिमा कम्पनीको नाफा-नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/C) बाट ऋणपत्र निष्काशन भएको पहिलो वर्ष देखि ७ वर्षसम्म वार्षिक रु. ४२ करोड ८५ लाख ७१ हजार ४ सय २९ रुपैयां मात्रको दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिनेछ । कम्पनीले कुनै आर्थिक वर्षमा नाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) मा रकमान्तर गर्नुपर्ने रकम रकमान्तर गरिने छ । यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्ला वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) मा रकमान्तर गर्नुपर्ने रकम रकमान्तर गरिने छ ।

(ऊ) *ऋणपत्रवालाहरुको अधिकार :* यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ । तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन । कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण:
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge), अधिकार हुने छैन । यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रवालाको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ । बैंकको सम्पत्तिमा सुरक्षित साहू र निक्षेपकर्ताको प्रथम हक लाग्नेछ । बैंकको सम्पत्तिमध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७४ मा रु.८८.६६ अर्ब रहेको छ ।

(ग) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) का प्रमुख बुँदाहरुः
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ ।

(अ) *ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :* ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री नविल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं रहेको छ ।

(आ) *ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :* यस विवरण-पत्र मार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे वापत बार्षिक रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैंयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ ।

(इ) *ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :* ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभागका प्रमुख श्री अनोज थापालाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ । श्री थापाले एम.बि.ए.सम्मको शैक्षिक योग्यता र करिव १० बर्ष भन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नुभएको छ ।

(ई) *ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :* ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ । साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ ।

(उ) *ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :* ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्ने ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ ।

(ऊ) *ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :* ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ ।

(ए) *ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :* ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

(ऐ) *ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था:* ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ । ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी, काठमाडौं रहेको छ ।

(ओ) *अन्य :*
- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने ।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने ।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने ।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने ।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था : सो नभएको

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पूरक पूँजीकोष (Supplementary Capital) बृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्यअनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

ऋणपत्रको बिक्रीबाट प्राप्त रकम उपयोग गर्न गरिने कार्य :
- बैंकको पूँजीकोष वृद्धिको लागि उपयोग गरिने ।

(च) जारी पूँजी चुक्ता भए/नभएको :
जारी पूँजी सम्पूर्ण चुक्ता भएको ।

(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको बिवरण :
यस भन्दा अगाडि बैकले २०७१/०१/२१ मा रु.५० करोड बराबरको सात वर्ष अवधिको वार्षिक ७.२५ व्याजदर भएको डिबेन्चर (५ लाख कित्ता डिबेन्चर रु.१,००० का दरका) जारी गरेको थियो । उक्त डिबेन्चर उक्त डिबेन्चर नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भएको थियो र यस्को समाप्ति मिति २०७८/०१/३१ रहेको छ । उक्त डिबेन्चरको भुक्तानी गर्नका लागि Bond Redemption Reserve खडा गरी वार्षिक रुपमा रु.७,१४,२८,५७२/- का दरले हाल सम्म रु.२१,४२,८५,७१६/- जम्मा गरिएको छ । आवेदन दिएका मध्ये २३ जना (व्यक्तिगत ८ तथा संस्थागत १५) जनालाई उक्त डिबेन्चर बाँडफाँड गरिएको थियो । बैंकले आफ्नो सेवा विस्तार गर्नका लागि आवश्यक लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न, कम्पनीको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्न तथा प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्य अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउने प्रयोजनका लागि उक्त डिबेन्चर जारी गरिएको थियो । उक्त बण्ड जारी गर्नका लागि ईक्रा नेपाल लिमिटेडले औसत आधारहरु (Fundamentals) जनाउने "[ICRANP] LA-" ग्रेडिङ्ग प्रदान गरिएको थियो ।

(ज) नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु :
नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्ननुसार रहेका छन् ।

१) कुनै पनि सुरक्षण नराखी एन आई सी ऋणापत्र २०८१/८२ निष्काशन गर्नुपर्ने ।
२) डिबेन्चरको अवधि ७ वर्षको हुने ।
३) प्रस्तावित ऋणपत्रमा प्रदान गरिने व्याज ६/६ महनिामा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम ऋणपत्रको वार्षिक व्याजदर ९ प्रतिशत हुनु पर्ने र आर्जित व्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने,
४) बैंक विघटन भएको अवस्थामा त्यस्तो ऋणपत्रको भुक्तानी निक्षेपकर्ताभन्दा पछि मात्र हुने,
५) एन आई सी बैंक ऋणपत्र २०८१/८२ जारी भएको मितिले बढीमा ३ महिना भित्रमा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत गर्नुपर्ने,
६) एन आई सी बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने,
७) एन आइ सी एशिया ऋणपत्र २०८१/८२ निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने,
८) ऋणपत्रको रकम भुक्तानी गर्न Redemption Reserve को व्यवस्था गर्न त्यस बैंकको वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको पहिलो वर्षदेखी सात वर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई सात वर्ष भित्र कुल रु.३ अर्ब बराबरको उक्त कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्ने । साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्याउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने,
९) Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने,
१०) गदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने,
११) उक्त ऋणपत्र खरिद गर्न आवेदन गर्ने प्रत्येक आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन परेको मितिदेखी ऋणपत्रको बाँडफाँड हुनुभन्दा अघिल्लो दिनसम्मको अवधिका लागि त्यस बैंकले ०.२५ प्रतिशतका दरले खण्डित अवधिको व्याज प्रदान गर्नुपर्ने र सो बिषय विवरणपत्रमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने ।

(झ) अन्य :
- यो ऋणपत्रएनआईसी एशिया बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ ।
- साथै यस ऋणपत्रलाई नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गराई खरिद बिक्रीको समेत व्यवस्था मिलाईनेछ ।
- ऋणपत्र भुक्तानी गरेपछि "भुक्तानी कोष" मा कुनै रकम बाँकी रहन गएमा त्यस्तो रकमलाई विशेष जगेडा हिसाबमा सार्नु पर्ने ।
- यस विवरणपत्र मार्फत प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ६ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु.६० करोड ऋणपूँजी सर्वसाधारण नेपालीको लागि सार्वजनिक निष्काशन मार्फत बिक्री गरिनेछ ।
- ऋणपत्रको व्याज भुक्तानी गर्ने स्थान : यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित व्याज रकम एनआईसी एशिया बैंक लिमिटेडको कुनै पनि शाखाबाट वा कम्पनीले तोके अनुसारको स्थानबाट आफ्नो ऋणपत्रको प्रमाणपत्र र ब्याज भुक्तानी पूर्जा पेश गरी भुक्तानी लिनसक्ने गरी निष्काशन गरिएको छ ।
- ऋणपत्रको बाँडफाँड पश्चात् बाँडफाँडमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँड भएको दिनदेखिको पहिलो अर्धवार्षिकको व्याज रकम सो अर्धवार्षिक अवधिको समाप्ति पश्चात् भुक्तानी दिइनेछ । यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई व्याज रकम भुक्तानी गर्नका लागि ऋणपत्रको प्रमाणपत्रको अलावा व्याज भुक्तानी पुर्जा (Interest Coupon) दिइनेछ ।
- बैंकको यस विवरणपत्र मार्फत ऋणपत्र निष्काशन पूर्व र निष्काशन पश्चातको ऋण र पूँजीको अनुपात निम्न अनुसार रहेको/रहने छ ।

ऋणपत्र निष्काशन पूर्व	ऋणपत्र निष्काशन पश्चात
५ र ९५	२६ र ७४

साथै बैंकले ऋणपत्र निष्काशन अवधिभर बैंकको ऋण र पूँजीको अनुपात ७०:३० भन्दा बढी नहुने प्रतिबद्धता व्यक्त गरेको छ ।
- यस ऋणपत्र Non Convertible/Non Cumulative हुने ।

१३. ऋणपत्र निष्काशनको उद्देश्य र प्राप्त रकमको उपयोग :

क. धितोपत्र जारी गर्नुको उद्देश्य :
- कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कामकारोवारका लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
- बैंकको पूँजीकोष वृद्धि गर्न।

ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :
(अ) निष्काशनबाट प्राप्त हुने कुल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई बिस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्न ।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्यअनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।

बैंकको अन्य व्यवसायिक कार्य गर्न पूँजीको आवश्यक हुने भएको हुनाले चुक्ता पूँजी वृद्धि गर्न ऋणपत्र जारी गरिएको छ । जसलाई निम्न अनुसार उपयोग गर्ने बैंकको योजना रहेको छ ।

क.सं.	कर्जा शिर्षक	प्रतिशत	रकम रु.
१	कर्जा तथा सापट	८०%	२,४०,००,००,०००
२	लगानी	१०%	३०,००,००,०००
३	शाखा विस्तार	५%	१५,००,००,०००
४	अन्य	५%	१५,००,००,०००
	जम्मा	१००%	३,००,००,००,०००

ग) कर्जा कारोवारमा विविधता ल्याउन स-साना परियोजना देखि अतिरिक्त ठूला-ठूला परियोजना एवं उद्योग क्षेत्रमा कर्जा प्रवाह गर्न भैरहेको पूँजीबाट एकल ऋणी सीमा (Single Borrower Limit) अपर्याप्त हुने भएकोले यी क्षेत्रहरुमा कर्जा वृद्धि गरि देशको उद्योग धन्दाको विकासमा सहयोग गर्न चूक्ता पूँजी वृद्धि गर्न अनिवार्य भएको ।

घ) कर्जा कारोवार वृद्धि हुँदै गएपछि जोखिम भारित सम्पत्ति पनि यसै अनुसार वृद्धि हुँदै जाने भएकोले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जोखिम भारित सम्पत्तिको आधारमा राख्नु पर्नेमा नयूनतम पूँजी कोष कायम राख्न चुक्ता पूँजी वृद्धि गर्नु पर्ने भएको ।

ङ) हकप्रद शेयर जारी पश्चात प्राप्त रकमबाट यस बैंकले नयाँ परियोजनाहरुमा लगानी बढाउने तथा नयाँ शाखा कार्यालयहरुको भौतिक पूर्वाधार वढाइने, बैंकको सूचना प्रविधिको विकास गर्ने तथा बैंकको स्थायित्व, विकास तथा विस्तारको लागि दीर्घकालीन दृष्टिकोण एवं प्रतिस्पर्धात्मक भईरहन उपयूक्त देखिए बमोजिम बैंकको स्थिर सम्पत्ति सुजना गरि वृद्धि गर्दै लगिनेछ ।

च) यसरी प्राप्त हुने रकमबाट बैंकले गर्ने गरिएको निक्षेप तथा कर्जा कार्यक्रम लगायत अन्य सेवा व्यवसायको प्रवर्द्धनका लागि पनि खर्च गरिनेछ ।

(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :
सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि व्यक्तिगत तवरबाट बिक्री गरिनेछ ।

(इ) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण : सो नभएको ।

(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति : सो नभएको ।

(उ) संगठित संस्थाले कुनै उपकरण खरीद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु : सो नभएको ।

(ऊ) कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सो नभएको ।

(ए) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : सो नभएको ।

(ऐ) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : सो नभएको ।

(ओ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : सो नभएको ।

(औ) सार्वजनिक निष्काशनका लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्क सम्बन्धी विवरण :

(१) निष्काशन तथा बिक्री प्रबन्धक : यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि नियुक्त श्री नविल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, काठमाडौंलाई उक्त सेवा प्रदान गरे वापत एकमुष्ठ रु.१,७५,०००/- (अक्षरेपी एक लाख पचहत्तर हजार रुपैंयाँ मात्र) सेवा शुल्कको रुपमा दिइनेछ ।

(२) ट्रष्टी (डिबेन्चर निष्काशनको हकमा) : डिबेन्चर ट्रष्टीको सेवा प्रदान गरे वापतश्री नविल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, काठमाडौंलाई वार्षिक रु.१०,०००/- (अक्षरेपी दश हजार रुपैंयाँ मात्र) सेवा शुल्कको रुपमा दिइनेछ ।

(३) क्रेडिट रेटिङ शुल्क : इक्रा नेपाल लिमिटेडलाई ऋणपत्र निष्कासनको लागि क्रेडिट रेटिङ सेवा प्रदान गरे वापत एकमुष्ठ रु.३०,५१,०००/- (अक्षरेपी तीस लाख एक्काउन्न हजार रुपैंयाँ मात्र) र प्रत्येक वर्ष ऋणपत्र अवधि सम्मका लागि वार्षिक सेवा शुल्कको रुपमा रु.३,३९,०००/- (अक्षरेपी तीन लाख उनन्चालिस हजार रुपैंयाँ मात्र) दरले दिइनेछ ।

(४)प्रत्याभूतिकर्ता : सो नभएको ।

(५) विज्ञहरु : यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा एनआईसी एशिया बैंक लिमिटेड आफैं रहेको छ र यसविवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा एन् अमात्य एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्ट श्री मनिस अमात्यरहनु भएको छ । उक्त सेवा प्रदान गरे वापत एन् अमात्य एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेण्टलाई रु.२२,६०० सेवा शुल्कको रुपमा दिइएको छ ।

(६) लेखापरीक्षक : आ.व. २०७३/७४ मा यस बैंकको लेखापरीक्षकमा श्री टि आर उपाध्याय एण्ड कम्पनी नियुक्त भएको र चालु आ.व. का लागि समेत बैंकको बीसौं साधारण सभाबाट सोही कम्पनी लेखापरीक्षकक रुपमा नियुक्त भएको छ ।

(७) अन्य : आवेदकले आवेदन दिएको मिति देखि बाँडफाँड गरिएको मिति सम्म आवेदन रकममा ०.२५ प्रतिशत ब्याज दिईने छ ।

१४. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृयाः यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ र ऋणपत्र बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि व्यक्तिगत तवरबाट बिक्री गरिनेछ ।

(आ) अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था : "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्वन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ ।

(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर : उपरोक्त व्यवस्था आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन ।

(ई) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकुया र समयावधि : निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँट सम्वन्धी व्यवस्था अनुसार डिबेन्चरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ ।
यस विवरणपत्र अनुसार जारी गरिएको डिबेन्चरहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समय भित्र बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाई प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका ऋणपत्रधनीहरुलाई धितोपत्र डिम्याट खातामा स्थानान्तरण गरिनेछ र व्याजदरको कुपन प्रदान गरिनेछ ।

(उ) धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण : सबै पुरा गरिएको ।

(ऊ) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण : निष्कासन गरिने ऋणपत्रको बाँडफाँड पश्चात धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्रसूचीकरण गराई ऋणपत्र खरिद विक्रीको व्यवस्था मिलाइने छ ।

१५. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्वन्धी विवरण :
धितोपत्रवालाको अधिकार तथा प्रतिवन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन नगर्न प्रक्रुया तथा धितोपत्र खारेजी आदि सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ ।
साथै यस विवरण-पत्र अनुसार निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन् ।

(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्वन्धी विवरण :
१. कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिकामा वडा नं. ११, नेपालमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री नविल ईभेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम ३,००,००० कित्ता डिबेन्चर खरिदका लागि आवेदन दिनुपर्नेछ । न्यूनतम कित्ता भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भागजाने संख्यामा अधिकत्तम ३,००,००० कित्ताको सिमा भित्र आवेदन गर्न सकिनेछ ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको आस्बा (ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन् ।

(इ) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :
१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. दरखास्त दिँदा आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोकेबमोजिम हुनेछ ।
३. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले राक्का रहेको वा निष्क्रिय रहेको हुनु हुदैन ।
४. संयुक्त रुपमा ऋणपत्र खरिद गर्न चाहने दरखास्तवालाहरुले बढीमा दुई जनाको नाममा दरखास्त दिन सक्नेछन् । यसरी संयुक्त रुपमा दरखास्त दिने दरखास्तवालाहरुले ऋणपत्र खरिद गर्नका लागि छुट्टै दरखास्त दिन पाईने छैन । संयुक्त रुपमा आवेदन दिने दरखास्तवालाहरुसँग पत्राचार वा अन्य कुनै कार्य गर्दा दरखास्त फारममा पहिलो नाम उल्लेख भएको व्यक्तिसँग गरिनेछ ।
५. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
६. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ ।
७. धितोपत्र खरिदको लागि दरखास्त दिदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निश्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।

१६. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र वेवसाइट : www.nabilinvest.com.np
२.	एन आई सी एशिया बैक लिमिटेड, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु र वेवसाइट : www.nicasiabank.com

क्र.सं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	आस्बा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

१७. निष्काशन बैंक (Bankers to the Issue) :

फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नहोस भन्ने समेत उद्देश्यले निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक (Bankers to the Issue) मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहनेछ ।

१८. क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण :

यस एन आई सी एशिया बैंक लिमिटेडले जारी गर्न लागेको ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले औसत आधारहरु (Fundamentals) जनाउने "[ICRANP] LA-" ग्रेडिङ्ग मिति २०७४/०८/१८ मा प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त धितोपत्रहरुमा समयमा आफ्नो बित्तीय दायित्व पुरा गर्ने आवस्यक सुरक्षण रहको हुनेछ । यस्ता धितोपत्रहरुमा जोखिम कम रहेनेछ । साथै, यस बैंकलाई इक्रा नेपाल लिमिटेडले "[ICRANP-IR] A- " (A माइनस) (ICRA NP Issuer Rating A Minus) ग्रेडिङ्ग प्रदान गरेको छ ।

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः
सम्पर्क व्यक्ति : श्री अनोज थापा, फोन नं. ००९७७-०१-४४११६०४

निष्काशन तथा बिक्री प्रबन्धकः

NABIL INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, नेपाल, फोनः ४४११६०४, ४४११७३३, फ्याक्सः ४४१०५५४
Email: nabilinvest@nabilbank.com, Url: www.nabilinvest.com.np